# नेपाल पत्रकार महासंघ
## काठमाडौं शाखा
FEDERATION OF NEPALI JOURNALISTS
Kathmandu District Branch



**शोभा अर्याल**
अध्यक्ष
९८५१०७४०६७

**हेम बहादुर राना (कमल)**
उपाध्यक्ष
९८४१४४५२८८

**कान्ति न्यौपाने**
उपाध्यक्ष (महिला)
९८६०९२०१४१

**रमेश कुमार बोहोरा**
सचिव
९८५१०८४३५२

**विक्रम रत्न**
सह-सचिव
९८५११२६५६१

**ईश्वरी अधिकारी (ईशा)**
सह-सचिव (समावेशी)
९८५११९२९०५

**रामचन्द्र कार्की (राम)**
कोषाध्यक्ष
९८५११८६०७४

**सदस्यहरू**

**मञ्जु घिमिरे**
९८६१८४८२९९

**अनिशा जयन्ती श्रेष्ठ**
९८५६०३८०९४

**हेमराज सुवेदी**
९८४१४८६४६३

**चेत नारायण बेल्बासे**
९८५११२७२०९

**अंकध्वज परियार**
९८१३८५२१५९

**गोविन्द कुमार शर्मा**
९८४५४४१७१७

**ऋग देवकोटा**
९८५११५०१८१

**नेत्र बहादुर बस्नेत**
९८५११०४५४०

**सदस्य समावेशी**

**अनिशा निरौला**
९८१८३६०५४६

**बिनिता डंगोल**
९८५१२०१२६८

**सुनिल कुमार साह**
९८४१८४२१३१

**गणेश वि.क.**
९८४८६४००९०

**जगदिश प्रसाद अधिकारी**
९८५१०७४६६१


प.सं. २०८२/०८३
च.नं. ०३१

Kathmandu Committee
Federation of Nepalese Journalists

मिति २०८२ असार ३० गते

# प्रेस विज्ञप्ति

आर्थिकन्युजका प्रबन्ध सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सदस्य पत्रकार इन्द्र बानियामाथि राष्ट्रिय ट्रमा सेन्टरमा कार्यरत महिला कर्मचारीले हातखुट्टा भाँच्ने र ज्यान मार्ने धम्की दिएको घटनाप्रति नेपाल पत्रकार महासंघ काठमाडौं शाखाको गम्भीर ध्यानाकर्षण भएको छ। यस घटनामा अपशब्द प्रयोग, गालीगलौज, अभद्र व्यवहार र प्रत्यक्ष ज्यान मार्ने धम्कीसमेत दिएकी छिन। जुन कुनै पनि दृष्टिले सामान्य वा सह्य हुँदैन।

प्राप्त जानकारीअनुसार पत्रकार बानियाले आफ्नो पेशागत दायित्व निर्वाह गर्दै आर्थिकन्युज डटकममार्फत साउन २९ गते 'राष्ट्रिय ट्रमा सेन्टरमा आर्थिक लेनदेनमा दर्जनौ कर्मचारी नियुक्ति, प्रमुखलाई कारवाही र निलम्बनको उजुरी प्रति स्वास्थ्यमन्त्री मौन' शीर्षकको समाचार प्रकाशन गरेका थिए। उक्त समाचारमा सार्वजनिक सरोकारका गम्भीर मुद्दा आर्थिक पारदर्शिता, नियुक्ति प्रक्रियामा देखिएका अनियमितता र जिम्मेवार निकायको मौनत उठान गरिएको थियो। यस्तै विषयमा समाचार सम्प्रेषण गर्नु पत्रकारको संवैधानिक अधिकार मात्र नभई लोकतान्त्रिक समाजको दायित्व हो, जुन नेपालको संविधानको धारा १७ ले प्रत्याभूत गरेको अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रताको अविभाज्य हिस्सा हो।

यस समाचारका कारण असन्तुष्ट भएको ट्रमा सेन्टरका केही कर्मचारीहरूले पत्रकारमाथि व्यक्तिगत रूपमा आक्रामक, अपमानजनक र धम्कीपूर्ण व्यवहार देखाएका छन्। यस्तो कार्य प्रेस आचारसंहिता २०७३ को धारा ५ (पत्रकारमाथि शारीरिक तथा मानसिक आक्रमण नगर्ने) को प्रत्यक्ष उल्लंघन हो। साथै मुलुकी फौजदारी संहिता २०७४ अनुसार ज्यान मार्ने धम्की, सार्वजनिक मर्यादा भंग र आपराधिक धम्की दण्डनीय अपराध हुन् जसमा दोषीलाई कैद तथा जरिवानाको प्रावधान छ।

नेपाल पत्रकार महासंघ काठमाडौं शाखा यस आपराधिक तथा अमानवीय कार्यको कडाभन्दा कडा शब्दमा भर्त्सना गर्दछ। स्वतन्त्र प्रेस, सत्य सूचनाको अधिकार र निर्भीक पत्रकारिता लोकतान्त्रिक शासन व्यवस्थाका आधारस्तम्भ हुन्। यस्ता आक्रमणहरूले पत्रकार हरूमा त्रास, असुरक्षा र आत्म सेंसरको वातावरण सिर्जना गर्ने खतरा हुन्छ। जसले अन्ततः नागरिकको सूचनाप्राप्ति अधिकारमै चोट पुऱ्याउँछ।

शाखा सम्बन्धित सुरक्षा निकाय र प्रशासनलाई घटनाको तत्काल, निष्पक्ष र पारदर्शी अनुसन्धान गरी घटनामा संलग्न दोषीहरूलाई कानूनबमोजिम कडा कारबाही गर्न जोडदार माग गर्दछ। पत्रकारहरूको सुरक्षा सुनिश्चित गर्नु सरकार, न्यायिक निकाय, प्रहरी प्रशासन र नागरिक समाजको साझा दायित्व हो। यसर्थ पत्रकारमाथि हुने धम्की, दुर्व्यवहार र आक्रमणका घटनाप्रति शून्य सहनशीलताको नीति अवलम्बन गर्न हामी सम्बद्ध सबै पक्षसँग दृढ आग्रह गर्दछौं।

रमेश कुमार बोहोरा
सचिव


E-mail : fnjktm2081@gmail.com